# विनयी त्रिवेणी गाउँपालिकाको गाउँसभाको १९ औ अधिवेशनमा अध्यक्ष श्री घनश्याम गिरीद्वारा प्रस्तुत आर्थिक वर्ष. २०८३/८४ को नीति तथा कार्यक्रम

विनयी त्रिवेणी गाउँपालिका

२०८२/०३/०८ गते

## प्रस्तावना

गरिमामय विनयी त्रिवेणी गाउँपालिकाको गाउँसभाको १९ औं अधिवेशनमा उपस्थित गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरू, सम्पूर्ण कार्यरत राष्ट्रसेवक कर्मचारीज्यूहरू तथा यस गाउँसभालाई सफल बनाउँन उपस्थित हुनुभएका सम्पूर्ण अतिथि महानुभावहरूमा यस गाउँपालिकाको जननिर्वाचित अध्यक्ष र सिङ्गो गाउँपालिका परिवारको तर्फबाट हार्दिक स्वागत एवम् आभार व्यक्त गर्न चाहन्छु।

नेपालमा राष्ट्रिय एकता, सार्वभौमसत्ता, समानुपातिक समावेशीतासहितको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाका लागि भएका विभिन्न ऐतिहासिक आन्दोलन तथा संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै बेपत्ता, घाइते, अपाङ्गता भएका एवम् लोकतन्त्र, स्वतन्त्रता र परिवर्तनका विभिन्न आन्दोलनमा नेतृत्व गर्नुहुने सबैप्रति उच्च सम्मान व्यक्त गर्दछु।

हामीसँग भएको सीमित स्रोत र साधनलाई आवश्यकताको आधारमा दिगो तथा समुचित परिचालन गरी अपेक्षित सामाजिक तथा आर्थिक विकास गर्नु आजको प्रमुख दायित्व हो। सिमित स्रोत-साधनको न्यायोचित वितरण तथा अधिकतम उपयोगबाट समग्र गाउँपालिकाका आम नागरिकको सर्वाङ्गीण विकास र परिवर्तनको चाहनालाई सम्बोधन गर्न जनसहभागिता, सहकार्य र साझेदारीका आधारमा प्राथमिकताका योजना तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नु अहिलेको प्रमुख आवश्यकता हो।

## नीति तथा कार्यक्रमको आधार

यस गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४, अन्तरसरकारी वित्त व्यवस्था ऐन,२०७४, दिगो विकास लक्ष्य, संघीय सरकार र गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र चालु पञ्चवर्षीय योजना, गाउँपालिकाको आवधिक योजना तथा गाउँपालिकाभित्रका राजनीतिक दल, सहकारी, विषय विज्ञ, नागरिक समाज, निजी क्षेत्र तथा सरोकारवालाहरूको सुझावसमेतका आधारमा तर्जुमा गरिएको छ। यस गाउँपालिकाले परिकल्पना गरेको **'व्यवसायिक कृषि, साँस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ र समृद्ध हाम्रो विनयी त्रिवेणी गाउँ'** भन्ने मूल नारालाई केन्द्रमा राखी आर्थिक, सामाजिक र साँस्कृतिक रूपमा पछाडी परेका/पारिएका समुदायलाई उच्च प्राथमिकता दिँदै आम गाउँपालिकावासीको हितलाई केन्द्रमा राखी यो नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

सेवा प्रवाहको प्रवर्द्धन तथा व्यवस्थापनका लागि आवश्यक ऐन, नियमावली, कार्यविधि, मापदण्ड, आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आयोजना बैंक, राजस्व सुधार कार्ययोजना तथा संगठन संरचना एवम् व्यवस्थापन सर्वेक्षण (O&M Survey) स्वीकृत गरी कार्यान्वयन गरिनेछ।

संविधानप्रदत्त अधिकारको प्रभावकारी कार्यान्वयनमार्फत स्थानीय सरकारको भूमिकालाई थप प्रभावकारी बनाउन संघ तथा प्रदेश सरकारसँगको समन्वय र सहकार्यलाई मजबुत बनाइनेछ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**दीर्घकालीन सोचः**

'व्यवसायिक कृषि, साँस्कृतिक तथा पर्यटकीय ठाउँ, स्वच्छ र समृद्ध हाम्रो विनयी त्रिवेणी गाउँ।'

**लक्ष्यः**

गाउँपालिकाको सामाजिक, आर्थिक तथा मानवीय विकास अभिवृद्धि गरी गाउँपालिकावासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने।

**उद्देश्यः**

- उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी कृषिमा आत्मनिर्भरता हासिल गर्ने र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउने।
- सर्वसुलभ, गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।
- दिगो, सुरक्षित र वातावरणमैत्री पूर्वाधार विकास गर्ने।
- प्रविधिमैत्री सेवा प्रवाह र सुशासनमार्फत पारदर्शी, उत्तरदायी र नागरिकमैत्री स्थानीय सरकार स्थापित गर्ने।
- लक्षित, विपन्न तथा सीमान्तकृत समुदायको सशक्तीकरण गरी सामाजिक न्याय कायम गर्ने।

## प्राथमिकताका क्षेत्रहरू

आगामी आर्थिक वर्षमा देहायका क्षेत्रलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछः

- व्यवसायिक कृषि, पशुपालन तथा उत्पादन र उत्पादकत्व अभिवृद्धि,
- सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा,
- शिक्षामा पहुँचको सुनिश्चितता तथा गुणस्तर सुधार,
- दिगो र वातावरणमैत्री पूर्वाधार विकास,
- आन्तरिक रोजगार सिर्जना तथा उद्यमशीलता प्रवर्द्धन,
- पर्यटन तथा साँस्कृतिक सम्पदा विकास,
- प्रविधिमैत्री सेवा प्रवाह, सुशासन र वित्तीय अनुशासन,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण।

# १. आर्थिक विकास क्षेत्र

## कृषि विकास नीति

- किसान सूचीकरण कार्यलाई निरन्तरता दिँदै किसान परिचयपत्रलाई कृषि क्षेत्रमा प्रदान गरिने सेवा-सुविधासँग आबद्ध गरिनेछ। साना तथा सीमान्तकृत किसान लक्षित कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ।
- **"स्वस्थ्य माटो, स्वच्छ बाली"** – अभियान मार्फत माटोको अम्लीयपन, क्षारीयपन तथा सूक्ष्म तत्वको परिक्षण गरी माटो सुधारका सामग्री तथा प्रविधि हस्तान्तरण गरिनेछ।
- खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउन कुलो निर्माण/मर्मत, बोरिङ जडान तथा साना सिँचाइ आयोजना सञ्चालन गरिनेछ। **"किसानको लागि निःशुल्क पानी"** कार्यक्रमअन्तर्गत कृषि प्रयोजनको विद्युत् महसुलमा कृषि मिटर जडान गरेका कृषकको लागि अनुदानको व्यवस्थालाई निरन्तरता दिइनेछ।
- कृषिमा व्यवसायीकरण, आधुनिकीकरण र यान्त्रिकीकरण गर्न साना तथा मझौला कृषि उपकरण अनुदानमा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।
- **"उत्पादन साथमा, अनुदान हातमा"** – उत्पादनमा आधारित कृषि अनुदान प्रणाली प्रभावकारी रूपमा लागू गरिनेछ।
- **"एक घर, एक करेसाबारी"** नीति लागू गरी गाउँपालिकालाई खाद्यान्न, तरकारी, फलफूल तथा पशुजन्य वस्तुमा आत्मनिर्भर बनाउँदै व्यवसायिक कृषि पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिनेछ।
- **"एक टोल एक सामुदायिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन क्षेत्र"** नीतिमार्फत आत्मनिर्भर गाउँपालिका घोषणाको आधार तयार गरिनेछ।
- **"रैथानेमा गर्व गरौँ"** अभियानमार्फत रैथाने बालीको पहिचान, संरक्षण, प्रवर्द्धन मार्फत रैथाने खेतीको आधारशिला तयार गरिनेछ ।
- कृषि उपजको संकलन, भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गरी हाटबजार मार्फत बजारीकरणलाई व्यवस्थित बनाइनेछ।
- चैते धान, खाद्यान्न तथा तरकारी बीउ वितरण कार्यक्रमलाई निरन्तरता दिँदै नविनतम खेती प्रविधि सम्बन्धी तालिम र प्रविधि हस्तान्तरण गरिनेछ।
- व्यवसायिक च्याउ खेतीलाई प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- जैविक मल उत्पादनलाई गाउँपालिका भरिका सामुदायिक वनहरुलाई समावेश गरी रोजगारी श्रृजना गरी गाउँपालिकावासीलाई आर्थिकरुपमा आत्मनिर्भर बनाउने नीति लिईनेछ।

## पशुपन्छी तथा मत्स्य विकास नीति

- मागमा आधारित व्यवसायिक पशुपालन तालिमलाई निरन्तरता दिँदै पशुपालक कृषकहरुको क्षमता र जनचेतना अभिवृद्धी कार्यक्रम संचालन गरिनेछ।
- पशुपन्छीमा लाग्ने महामारी रोगहरु नियन्त्रणका लागि संघीय र प्रदेश सरकारको समन्वयमा निशुल्क खोप कार्यक्रम सचालन गरी गाउँपालिकालाई पशुमा पूर्ण खोपयुक्त पालिका घोषणा गर्ने आधार तयार गरिनेछ ।
- पशुपन्छी तथा मत्स्य विकास शाखाको पहुँच भन्दा टाढाको वस्तीमा निशुल्क पशु स्वास्थ्य घुम्ती शिविर संचालन कार्यलाई निरन्तरता दिईनेछ ।
- गाई/भैंसीको नश्ल सुधार गरी दुग्ध उत्पादकत्व वृद्धिका लागि कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई निरन्तरता दिइनेछ।साथै सुत्केरी गाईभैंसीको पोषण र स्वास्थ्य सुधारका लागि गाईभैंसी सुत्केरी स्यार पोसिलो झोला वितरण कार्यक्रम संचालन गरिनेछ ।
- मत्स्यपालन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि माछा पालन सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम र उन्नत माछाका भुरा वितरण कार्यक्रम संचालन गरिनेछ ।
- मासुमा आत्मानिर्भरताका लागि पाडा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

## सहकारी नीति

- गाउँपालिकाभित्रका सम्पूर्ण सहकारी संस्थालाई प्रचलित कानुनको दायरामा ल्याउँदै उद्देश्य मिल्ने संस्थालाई एकीकरण गर्ने नीति लिइनेछ।
- **"समृद्धिको लागि सहकारी"** अभियानलाई सफल पार्न साना व्यवसायमा संलग्न व्यक्ति/समूहलाई सहकारीमा आबद्ध गरी जोखिम बहन क्षमता अभिवृद्धि गरिनेछ।
- विद्युतीय प्रणालीमार्फत सहकारीको दर्ता, नियमन र प्रवर्द्धन गर्ने कार्यलाई थप प्रभावकारी बनाई अनुगमन र निरीक्षणमा जोड दिइनेछ।
- सहकारीलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरी परम्परागत कृषि प्रणालीलाई आधुनिक र व्यवसायिक बनाइनेछ। समस्याग्रस्त सहकारीका बचतकर्ताको हित संरक्षणमा संघ/प्रदेशसँग समन्वय गरिनेछ।

## श्रम तथा रोजगार नीति

- सूचीकृत बेरोजगारलाई गाउँपालिकाले सञ्चालन गर्ने आयोजनामा श्रममूलक प्रविधिमार्फत न्यूनतम रोजगारी प्रदान गरिनेछ।
- स्थानीय आवश्यकताअनुसारका सीपमूलक तथा आयआर्जनमूलक तालिम प्राथमिकताका साथ सञ्चालन गरी युवालाई स्वरोजगार बनाइनेछ।

- संघीय सरकारको **"रोजगार प्रवर्द्धन दशक"** अवधारणालाई आत्मसात् गर्दै **"कमाउँदै सिक्दै"** ढाँचामा सिकर्मी-रोजगार (अप्रेन्टिससिप) कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सीप, पुँजी र प्रविधिलाई उत्पादनमूलक क्षेत्रमा आबद्ध गर्न प्राविधिक सहयोग तथा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। **"सीप पासपोर्ट"** अवधारणाअनुरूप सीप अभिलेखीकरणमा सहजीकरण गरिनेछ।
- गाउँपालिकाबाटै श्रम स्वीकृतिको प्रक्रियालाई सेवाग्राहीमैत्री बनाउँदै वैदेशिक रोजगारमा जाने/फर्केकाको तथ्याङ्क संकलन गरी पाश्वचित्र तयार गरिनेछ।
- गाउँपालिकाभित्रका रोजगारदाता संस्था तथा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराइनेछ। बाल श्रम न्यूनीकरणमा कडाइ गरिनेछ।

## उद्योग, व्यापार तथा उद्यमशीलता नीति

- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमअन्तर्गत स्थानीय स्रोत, सीप र प्रविधिको उपयोग गरी आयआर्जनका क्रियाकलापमार्फत स्वरोजगारका अवसर सिर्जना गरिनेछ।
- आरन, टेलरिङ, काष्ठकला जस्ता परम्परागत व्यवसायलाई आधुनिकीकरण तथा व्यवसायीकरण गरी घरेलु उद्योगका रूपमा प्रवर्द्धन गरिनेछ। साना तथा लघु उद्यमीका उत्पादनको बजारीकरणका लागि आवश्यक समन्वयकारी भूमीका खेलिनेछ ।
- गुणस्तरहीन एवम् म्याद नाघेका वस्तुको बिक्री-वितरण रोक्न तथा कृत्रिम अभाव र एकाधिकार नियन्त्रण गर्न बजार अनुगमनलाई प्रभावकारी बनाई उपभोक्ता हित संरक्षण गरिनेछ।
- विदेशबाट फर्केका युवालाई स्वदेशमै उद्यम सञ्चालनका लागि प्रोत्साहन गर्दै नवप्रवर्तनमा आधारित उद्यम व्यवसायलाई बीउ पुँजी (Start-Up), प्रविधि र परामर्श उपलब्ध गराइनेछ।
- साना तथा घरेलु उद्योग एवम् व्यापार व्यवसायलाई गाउँपालिकामा दर्ता तथा नवीकरण गराई करको दायरामा ल्याउँदै प्रवर्द्धनमा सहजीकरण गरिनेछ।
- विप्रेषणलाई उपभोगबाट उत्पादनशील लगानीमा रूपान्तरण गर्न वित्तीय साक्षरता तथा लगानी सहजीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## पर्यटन, कला तथा संस्कृति नीति

- सबै तहका सरकारसँगको समन्वयमा गाउँपालिकाभित्रका प्रमुख पर्यटकीय केन्द्रको अन्तरसम्बन्ध मजबुत बनाई गाउँपालिकालाई आन्तरिक एवम् बाह्य पर्यटन हबका रूपमा विकास गरिनेछ।
- स्थानीय भाषा, साहित्य, कला, संस्कृति र सम्पदाको संरक्षण-सम्बर्द्धन गर्दै आदिवासी तथा जातजातिको मौलिक विशेषता समेटिएको संग्रहालय स्थापनाका लागि अध्ययन-अनुसन्धान प्रक्रिया अगाडि बढाइनेछ।

- गुरुङ, मगर लगायतका आदिवासी तथा जनजातीका मातृभाषा, धर्म, संस्कृति, रैथाने ज्ञान, सीप र कलाको संरक्षण-संवर्द्धन गर्दै साँस्कृतिक उत्सव र मेला-महोत्सवलाई प्रोत्साहन गरिनेछ।

### सार्वजनिक-निजी साझेदारी नीति

- आर्थिक गतिविधिमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन गरिने कार्यक्रमलाई प्राथमिकता दिँदै परियोजनाको पहिचान, अध्ययन, विश्लेषण र छनौट गरी अघि बढाइनेछ।
- टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैरसरकारी संस्थाको परिचालनबाट गाउँपालिकाको आर्थिक, सामाजिक र भौतिक विकासमा जोड दिइनेछ।
- प्रचलित कानुनबमोजिम सार्वजनिक-निजी साझेदारी कार्यविधि तयार गरी जनस्वास्थ्य, शिक्षा, उद्यमशीलता तथा वातावरणको दिगो विकासमा साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

## २. सामाजिक विकास क्षेत्र

### शिक्षा नीति

- सार्वजनिक शिक्षाको सबलीकरण गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ। प्रविधिमैत्री सिकाइ परियोजनामार्फत सूचना तथा प्रविधिको विस्तार कार्यलाई निरन्तरता दिईनेछ।
- विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानलाई विद्यार्थी-शिक्षक अनुपात र भौगोलिकताका आधारमा प्राथमिकतापूर्वक अगाडि बढाइनेछ।
- कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रमको पठनपाठनलाई निरन्तरता दिँदै गाउँपालिकाको भौगोलिक, साँस्कृतिक तथा मौलिक सीपको प्रवर्द्धन गरिनेछ।
- विद्यालय भवन, छात्रावास, शौचालय, सुरक्षित घेराबार, स्वच्छ खानेपानी, खेलमैदान तथा करेसाबारी निर्माणलाई विशेष जोड दिँदै जीर्ण भवन मर्मत गरिनेछ।
- विद्यालयलाई **"जङ्क फुड (पत्रुखाना) निषेधित क्षेत्र"** बनाउँदै दिवाखाजामा स्थानीय खाद्यवस्तु प्रयोग गरी बाल पोषण सुधार गरिनेछ। छात्राहरूलाई गुणस्तरीय सेनिटरी प्याडको निःशुल्क वितरणलाई निरन्तरता दिइनेछ।
- अनलाइनमा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउँदै कृत्रिम बुद्धिमत्ता तथा डिजिटल सामग्रीमा आधारित सिकाइ प्रणाली विस्तार गरिनेछ।
- बालविकास सहजकर्ता तथा विद्यालय सहायक/सहयोगी कर्मचारीलाई थप पारिश्रमिक उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ। निवृत्त शिक्षकको ज्ञान/अनुभवलाई विद्यालय अनुगमन र पेशागत तालिममा उपयोग गरिनेछ।

- विपन्न, सीमान्तकृत, दलित तथा अपाङ्गता भएका बालबालिकाका लागि समावेशी शिक्षामा पहुँच विस्तार गर्दै सबै छात्रवृत्ति कार्यक्रमलाई योग्यतामा आधारित बनाई विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरिनेछ।

## स्वास्थ्य नीति

- **"नागरिकको स्वास्थ्य, गाउँपालिकाको जिम्मेवारी"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई भरपर्दो, गुणस्तरीय र व्यवस्थित बनाइनेछ।
- विनयी त्रिवेणी आधारभूत अस्पतालबाट स्वास्थ्य बीमा प्रथम बिन्दु सेवा सञ्चालन गरी स्वास्थ्य बीमा कार्यक्रममा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- आधारभूत स्वास्थ्य सेवामा **"न्यूनतम मापदण्ड"** लागू गर्दै आवश्यक जनशक्ति, औषधि, उपकरण र पूर्वाधारसहितको एकीकृत सेवा मोडेल कार्यान्वयन गरिनेछ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन भत्ता तथा सम्मानजनक विदाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ। थालासेमिया र हेमोफिलियाका विरामीको उपचार खर्चलाई निरन्तरता दिइनेछ।
- नसर्ने रोग तथा मानसिक स्वास्थ्य समस्याको समुदायस्तरमा नियमित स्क्रिनिङ, योग, ध्यान तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमार्फत रोकथाममा जोड दिइनेछ। टेलिहेल्थमार्फत दुर्गम क्षेत्रमा विशेषज्ञ परामर्श सेवा विस्तारका लागि पहल गरिनेछ ।
- त्रिवेणी आयुर्वेद औषधालयलाई आवश्यक पूर्वाधार तथा औषधी-उपकरणसहित गुणस्तरीय बनाउँदै आयुर्वेद, प्राकृतिक चिकित्सा तथा तनाव व्यवस्थापनसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- **"सबै नीतिमा स्वास्थ्य (Health in All Policies)"** मान्यता अवलम्बन गर्दै स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण गरी स्वास्थ्य क्षेत्रको बजेट क्रमशः वृद्धि गरिनेछ।

## खानेपानी, सरसफाइ तथा स्वच्छता नीति

- **"एक घर, एक धारा"** अभियानलाई निरन्तरता दिंदै सबै घरधुरीमा सुरक्षित खानेपानीको पहुँच विस्तार गरिनेछ। खानेपानीका स्रोतको पूर्वसम्भाव्यता अध्ययन तथा क्षमता नक्साङ्कन गरिनेछ।
- निर्माणाधीन ग्राभिटी तथा लिफ्टिङ खानेपानी योजनाहरू सम्पन्न गर्न संघ तथा प्रदेश सरकारसँग समन्वय गरिनेछ। खानेपानीको गुणस्तरका लागि पानी परीक्षण पद्धति स्थापित गरिनेछ।
- फोहोरमैलालाई स्रोतमै कुहिने र नकुहिने गरी वर्गीकरण, संकलन र विसर्जन गर्ने सचेतनामूलक कार्यक्रम सञ्चालन गरी डम्पिङ साइटको पूर्वाधार निर्माणको लागि पहल गरिनेछ।

- होटल, रेष्टुरेन्ट तथा विवाह/महोत्सवमा प्लास्टिकजन्य वस्तुको प्रयोग घटाउँदै स्थानीय दुना-टपरी जस्ता वातावरणमैत्री सामग्री प्रयोगलाई प्रोत्साहन गर्दै बृहत् सरसफाइ अभियान सञ्चालन गरिनेछ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा सामाजिक समावेशीकरण नीति

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्दै लक्षित वर्गको आर्थिक र सामाजिक सशक्तीकरणमा जोड दिइनेछ। सबै प्रकारका लैङ्गिक हिंसामा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- महिलाको सीप तथा क्षमता विकास गरी आयआर्जन वृद्धिका तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ। आमा समूहको संस्थागत तथा क्षमता विकास गरिनेछ।
- विनयी त्रिवेणी गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाउने नीति लिँदै नीति तीन तहका सरकारको बजेट प्रणालीमा 'बालबालिका उत्तरदायी बजेट कोड' कार्यान्वयन गरिनेछ। दुर्व्यवहार पीडित बालबालिकाको उद्धार र संरक्षण कार्यको लागि आवश्यक समन्वय गरिनेछ।
- अभिभावकविहीन बालबालिकाको संरक्षणका लागि विशेष व्यवस्था गरिनेछ।
- अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण गर्दै आवश्यक सहायक सामग्री वितरण र आयमूलक कार्यमा संलग्न गराइनेछ। सबै पूर्वाधार तथा कार्यक्रमलाई अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाइनेछ।
- ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई अन्तरपुस्ता सिकाइमार्फत हस्तान्तरण गर्दै सम्मानजनक जीवनयापन सुनिश्चित गरिनेछ। दलित समुदायको सीप, रोजगारी र सशक्तिकरणका लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।
- **"विनयी त्रिवेणी गाउँपालिकाको सन्देश, जातीय छुवाछुत प्रथाको पूर्ण बन्देज"** भन्ने नारालाई संविधान, ऐन, कानूनलाई व्यवहारमा देखिने गरी कार्यान्वयन गरिनेछ ।
- दलित उत्थानका लागि दलित सशक्तिकरण ऐन बनाई कार्यान्वयन गरिनेछ । साथै दलितका लागि आयमुलक, सीपमुलक र अन्तरघुलन कार्यक्रम गरिनेछ ।

## युवा तथा खेलकुद नीति

- **"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"** नारालाई आत्मसात् गर्दै राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- प्रत्येक वडामा खेलमैदान निर्माण कार्यलाई प्राथमिकता दिँदै रंगशाला निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरिनेछ। जिल्ला, प्रदेश तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा खेल्ने खेलाडीलाई प्रोत्साहन गरिनेछ।

- युवालाई स्वरोजगारमूलक सीप तथा उद्यमशीलता विकास कार्यक्रममार्फत आफ्नै माटोमा उद्यम गर्ने वातावरण तयार गर्न उद्यम विकास कोष स्थापना गरिनेछ।
- **"स्वयंसेवक सेवा कोष"** मार्फत युवालाई गाउँपालिकाको विकास तथा विपद् व्यवस्थापनमा परिचालन गर्दै गाउँपालिकालाई युवामैत्री स्थानीय तह घोषणाको आधार तयार गरिनेछ।
- आत्महत्या दुरुत्साहन तथा लागू औषध दुर्व्यसनी सम्बन्धी युवा तथा विद्यार्थी केन्द्रित सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- आधारभूत तहमा U14, माध्यमिक तहमा U19 खेलाडी उत्पादन कार्यक्रम संचालनमा ल्याईनेछ ।

### गैरसरकारी संस्था परिचालन नीति

- गाउँपालिकाको संघ/संस्थासम्बन्धी कानुनबमोजिम दर्ता तथा स्वीकृति लिई एकद्वार नीतिमार्फत मात्र योजना तथा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिनेछ।
- कार्यक्रम सञ्चालन गर्दा अनिवार्यरुपमा गाउँपालिकासँग सम्झौता गरी अर्धवार्षिक तथा वार्षिक प्रगति विवरण गाउँपालिकामा पेश गर्नुपर्ने प्रावधानलाई अनिवार्य गरिनेछ।

## ३. पूर्वाधार विकास क्षेत्र

### सडक, पुल तथा यातायात नीति

- गाउँपालिकाका सम्पूर्ण वडालाई बाह्रै महिना सञ्चालन हुने सडक सञ्जालले जोड्न आन्तरिक सडक निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ। गाउँपालिकाको केन्द्रबाट वडा केन्द्र हुँदै मुख्य बस्तीसम्म पुग्ने सडकलाई स्तरोन्नति तथा कालोपत्रे गरिनेछ।
- प्रदेशको रणनीतिक महत्वको त्रिवेणी-दुम्किबास-पाल्पा सडकको निर्माण सम्पन्नका लागि संघ तथा प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ।
- **"गाउँपालिका सडक यातायात गुरुयोजना** (Rural Municipality Transport Master Plan)" परिमार्जन गरी कार्यान्वयन गर्दै रणनीतिक सडकलाई प्राथमिकताका आधारमा रकम विनियोजन गरिनेछ।
- नयाँ निर्माण गर्नुपर्ने झोलुङ्गे पुल निर्माण तथा सञ्चालित झोलुङ्गे पुलको मर्मत-सम्भार गरिनेछ ।
- नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणाली अवलम्बन गरी ठूला तथा गौरवका आयोजना र १० लाख भन्दा माथिका योजनालाई समयमै ठेक्का प्रणाली मार्फत कार्य गरिनेछ। समयभन्दा अगावै कार्य सम्पन्न गर्ने ठेकेदारलाई सम्मान गरिनेछ।

- पूर्वाधार निर्माणमा न्यूनतम १०% श्रम सहभागिता अनिवार्य गर्ने व्यवस्था कायम राखिनेछ। उपभोक्ता समितिमार्फत गरिने कार्यमा हेभी मेसिनको प्रयोग नगरी स्थानीय श्रम, स्रोत र कच्चा पदार्थको उपयोगलाई प्रोत्साहन गरिनेछ।
- सडक दुर्घटना न्यूनीकरणका लागि जोखिमयुक्त स्थानको पहिचान गरी सुरक्षित संरचना निर्माण तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। सार्वजनिक यातायातलाई क्रमशः विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न प्रोत्साहन गरिनेछ।
- निर्मित सडकको रेखदेखका लागि मर्मत-सम्भार कोषको व्यवस्था गरी दिगो तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ।

## बस्ती विकास, आवास तथा भवन नीति

- व्यवस्थित, सुरक्षित र सुन्दर विनयी त्रिवेणीको परिकल्पना साकार पार्न भवन निर्माण गर्दा अनिवार्य पूर्वस्वीकृति लिनुपर्ने भवन निर्माण मापदण्डलाई कडाइका साथ लागू गरिनेछ। नक्सा पास नगरी घर निर्माण गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ र यसको कार्यान्वयन कडाईका साथ लागू गरिनेछ।
- गाउँपालिकाले निर्माण गर्ने भवन तथा भौतिक संरचनालाई भूकम्प प्रतिरोधी, लैङ्गिक, बालबालिका तथा अपाङ्गमैत्री बनाइनेछ। सडक दायाँबायाँका अतिक्रमित संरचना मापदण्डअनुसार हटाउने नीति क्रमशः कार्यान्वयन गरिनेछ।
- सार्वजनिक विद्यालय भवन, स्वास्थ्य संस्था लगायतका संस्थाको आवश्यक मर्मत-सम्भार तथा स्वच्छ खानेपानी र सरसफाइको पूर्वाधार तयार गरिनेछ।

## जलस्रोत, सिँचाइ, विद्युत् तथा वैकल्पिक उर्जा नीति

- विनयी खोला लगायत स्थानीय खोलाबाट हुने खेतीयोग्य जमिनको कटान न्यूनीकरण गर्न नदीजन्य पदार्थ निकासीबाट प्राप्त राजस्वको निश्चित रकम खोला संरक्षणमा लगानी गर्ने नीति लिइनेछ।
- कृषि र सिँचाइ निकायको समन्वयमा बाह्रै महिना सिँचाइ सुविधा पुर्याउन सतह, भूमिगत, पाइप तथा लिफ्ट सिँचाइ कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- बायोग्यास तथा स्थानीय स्रोतमा आधारित वैकल्पिक उर्जा उत्पादनका कार्यक्रम सञ्चालन गर्दै सरकारी निकायमा सोलार लगायत वैकल्पिक उर्जाको प्रवर्द्धन गरिनेछ।
- निर्माणका चरणमा रहेका विद्युत् सब-स्टेसनको सञ्चालन तथा दिगो र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

- उज्यालो विनयी त्रिवेणी अन्तर्गत उर्जा खपत बढाउने कार्य अनुरुप साझेदारी र अनुदानमा विधुतीय चुल्हो वितरण गरी प्रभावकारी ढंगले LPG ग्यासलाई क्रमश विस्थापित गर्दै लगिनेछ ।

### सूचना, सञ्चार तथा प्रविधि नीति

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान गरिने सेवालाई क्रमशः सफ्टवेयर प्रणाली तथा विद्युतीय माध्यमबाट सञ्चालन गर्दै **“कम कागज (Paper Less)”** विधि अपनाइनेछ।
- सेवा प्रवाहलाई डिजिटलाइजेसन गर्न एकीकृत तथा अन्तर-आबद्ध तथ्याङ्क भण्डार (Server Management Infrastructure) सञ्चालनको लागि आवश्यक प्रक्रियाको सुरुवात गरिनेछ।
- बजार क्षेत्र र सिमा नाकामा हुने अपराधिक क्रियाकलापको प्रत्यक्ष निगरानीका लागि सीसीटीभी जडान कार्यलाई निरन्तरता दिइनेछ। सूचनाको हकको पूर्ण कार्यान्वयन गर्दै माग भएका सूचना समयमै प्रदान गरिनेछ।
- सूचना प्रविधि क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्दै दुर्गम क्षेत्रसम्म डिजिटल पहुँच विस्तार गरी डिजिटल विभेद न्यूनीकरण गरिनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### वन तथा जैविक विविधता नीति

- सामुदायिक वन उपभोक्ता समूहको वार्षिक कार्ययोजनाअनुसारका कार्य गराउँदै आय आर्जनमा जोड दिइनेछ। वनमा रहेका अनावश्यक झाडीबाट जैविक मल उत्पादन कार्यलाई प्रोत्साहान गर्दै सामुदायिक वनबाट रोजगारी सिर्जना गरिनेछ।
- यस गाउँपालिकाको प्रमुख समस्याका रूपमा रहेको मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न चितवन राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती वनसँगको सहकार्यमा वन सिमामा तारबार लगाउन सम्बन्धित सरोकारवालासँग समन्वय गरिनेछ।

### वातावरण तथा फोहोरमैला व्यवस्थापन नीति

- प्राकृतिक वातावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगमा जोड दिँदै वातावरणमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरी योजनालाई वातावरणमैत्री बनाइनेछ।
- न्यून प्लास्टिक उपयोगलाई प्राथमिकता दिँदै **“प्लास्टिकमुक्त विनयी त्रिवेणी गाउँपालिका”** घोषणा गर्ने अभियान अघि बढाइनेछ। जलवायु परिवर्तनको असर सामना गर्न उत्थानशीलतामा वृद्धि गरिनेछ।
- आमा समूह, बजार व्यवस्थापन समूह, टोल विकास संस्था, युवा क्लब र विद्यालयसँगको सहकार्यमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको स्थान खोजी गरी दीर्घकालीन रणनीति निर्माण गरिनेछ।

- गाउँपालिकाभित्रका सार्वजनिक तथा नदी-उकास जग्गाको खोजी र पहिचान गरी गाउँपालिकाको स्वामित्वमा ल्याउने आवश्यक समन्वय र पहल गरिनेछ। बर-पीपल रहेका चौतारीको संरक्षण र विस्तार गरिनेछ।

### विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन नीति

- विपद्का समयमा तत्काल खर्च गर्न सकिने विपद् व्यवस्थापन कोषलाई प्रभावकारी बनाइनेछ। तहगत सरकारको समन्वयमा विपद् पूर्वतयारी, जोखिम आँकलन, पूर्वसूचना तथा प्रतिकार्यका लागि विद्यमान संरचनालाई थप चुस्त र सुदृढ बनाइनेछ।
- बाढी, पहिरो, भूकम्प, आगलागी जस्ता प्राकृतिक तथा मानवीय विपत्तिमा राहत, उद्धार तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्न स्थानीय एकीकृत आकस्मिक सेवा सञ्चालन गरिनेछ। स्थानीय युवालाई विपद् व्यवस्थापन स्वयंसेवकका रूपमा परिचालन गरिनेछ।
- जोखिममा रहेका बस्ती तथा विस्थापित परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न पहल गरिनेछ। जलाधार तथा तटीय क्षेत्र व्यवस्थापनका लागि तटबन्ध कार्यक्रम सञ्चालन गरिनेछ।
- इलाका प्रहरी कार्यालय दुम्किबास, औद्योगिक सुरक्षा बल सर्दी, नेपाल रेडक्रस सोसाइटी लगायतका सरोकारवालासँग सहकार्य गरी मनसुनजन्य विपद्सँग जुध्न तत्काल उद्धारको संयन्त्र खडा गरिनेछ।

## ५. संस्थागत विकास, सुशासन तथा वित्तीय व्यवस्थापन क्षेत्र

### सुशासन, कानुन तथा न्याय नीति

- दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्दै सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबीच अन्तरआबद्धता कायम गरिनेछ। पहिलो आवधिक योजनाको समीक्षा गर्दै दोस्रो आवधिक योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
- प्रत्येक वडामा मेलमिलाप केन्द्रमार्फत विवाद निरूपण गरी वास्तविक न्यायको अनुभूति गराइनेछ। न्यायिक समितिको क्षमता विकास तथा कानुनी साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।
- भ्रष्टाचार न्यूनीकरण गर्न शून्य सहनशीलताको नीतिबमोजिम सुशासन प्रवर्द्धन कार्ययोजना तयार गरी लागू गरिनेछ। बेरुजु तथा पेश्की नियन्त्रण गर्दै आर्थिक पारदर्शिता कायम गरिनेछ।
- चौमासिक रूपमा प्रगति समिक्षा, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नागरिक सन्तुष्टि सर्वेक्षणमार्फत स्थानीय सरकारलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

## संगठन, मानव संसाधन तथा क्षमता विकास नीति

- संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) स्वीकृत भए पश्चात कर्मचारी दरबन्दी संख्या यकिन गर्दै आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ बनाइनेछ।
- जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीको क्षमता विकासमा विशेष जोड दिँदै राष्ट्रसेवकमा समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने कार्य संस्कृतिको विकास गरिनेछ।
- कर्मचारीको पुरस्कार, वृत्ति विकास र क्षमता अभिवृद्धिको अवसरलाई कार्यसम्पादनसँग आबद्ध गरिनेछ। टोल विकास संस्था, उपभोक्ता समिति तथा विद्यालय व्यवस्थापन समितिको क्षमता एवम् नेतृत्व विकासका अवसर सिर्जना गरिनेछ।
- अत्याधुनिक प्रविधिको विस्तार गरी विद्युतीय शासन प्रणाली अवलम्बन गर्दै घुम्ती सेवा, एकीकृत सेवा केन्द्र तथा अत्यावश्यक सेवालाई सहज र नागरिकमैत्री बनाइनेछ।

## राजस्व तथा स्रोत परिचालन नीति

- नागरिकमा कर तिर्ने संस्कार निर्माणका लागि सचेतना अभिवृद्धि गर्दै बस्ती स्तरसम्म घुम्ती शिविरमार्फत कर संकलन अभियान सञ्चालन गरिनेछ।
- आन्तरिक आय वृद्धि गर्न कर तथा सेवा शुल्कका दायरा विस्तार गर्दै वैज्ञानिक, व्यावहारिक र समतामूलक ढंगले प्रगतिशील कर प्रणाली अवलम्बन गरिनेछ।
- समयमा तथा बढी कर तिर्ने करदातालाई पुरस्कृत गर्ने नीति अवलम्बन गर्दै लामो समय कर नतिर्नेलाई गाउँपालिकाले दिने सेवा-सुविधा रोक्कासम्मको व्यवस्था मिलाइनेछ।
- सबै किसिमका पेशा-व्यवसायको दर्ता तथा नवीकरणलाई अनलाइनमार्फत छिटो, छरितो, पारदर्शी र करदातामैत्री बनाइने कार्यको थालनी गरिनेछ।
- राजस्व परिचालनलाई प्रविधिमैत्री बनाउन डिजिटल भुक्तानीलाई प्रोत्साहन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ।

## योजना, तथ्याङ्क तथा अनुगमन नीति

- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाउँदै लाभग्राहीको खातामा सिधै विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी कार्यलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक अतिक्रमित जग्गाको लगत लिई संरक्षण र रेखदेख गर्दै आयआर्जनमा परिणत गर्ने योजना सञ्चालन गरिनेछ। भूउपयोग नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

- सार्वजनिक खर्चमा मितव्ययिता कायम गरी चालु खर्च घटाउँदै लेखा प्रणालीलाई सूत्र (SuTRA) प्रणालीअन्तर्गतको सफ्टवेयरमार्फत व्यवस्थित गरिनेछ।
- बजेट तथा कार्यक्रमलाई वस्तुनिष्ठ बनाउन दिगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी, बालमैत्री, पोषणमैत्री र जलवायु सूचकका आधारमा बजेट प्रणालीलाई सुदृढ बनाउँदै नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरिनेछ।

## अन्त्यमा

गाउँपालिकाको समग्र विकास, समृद्धि र सुशासनको साझा आकाङ्क्षा केवल गाउँपालिका सरकारको एकल प्रयासबाट मात्र सम्भव छैन। यसका लागि सबै पक्षको सहकार्य, समन्वय र सामूहिक प्रतिबद्धता अपरिहार्य छ। ग्रामीण बस्ती क्रमशः उजाडिँदै जानु, खेतीयोग्य जमिन बाँझिँदै जानु, गरिबी, बेरोजगारी तथा असमान विकास जस्ता चुनौतीलाई सम्बोधन गर्दै बदलिँदो समय र जनअपेक्षाअनुरूप विकासको नयाँ आधार निर्माण गर्ने दिशामा आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत नीति तथा कार्यक्रम महत्वपूर्ण मार्गदर्शक बन्ने विश्वास लिएको छु।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा राय, सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, गाउँपालिकाका कर्मचारी, विषय विज्ञ, गैरसरकारी संघ/संस्था, महिला सञ्जाल, दलित समुदाय, अपाङ्गता भएका नागरिक, बुद्धिजीवी, शिक्षक, सहकारी, निजी क्षेत्र, किसान, विद्यार्थी, श्रमिक वर्ग, व्यवसायी, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण गाउँपालिकावासी दिदीबहिनी एवम् दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा यहाँहरूको निरन्तर सहयोग, सहकार्य र सक्रिय सहभागिताको अपेक्षा गर्दछु।

**धन्यवाद !**

**घनश्याम गिरी**

अध्यक्ष

विनयी त्रिवेणी गाउँपालिका

मितिः २०८३ साल असार ८ गते